**सम्वत् २०८१ साल भदौ २७ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरूः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कोशी प्रदेश सरकारका मन्त्रालय, आयोग र निकायहरूको आ. व. २०८१/०८२ को अस्थायी दरबन्दी तेरिज स्वीकृत गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश लोक सेवा आयोग, प्रदेश योजना आयोग र यातायात व्यवस्था सेवा कार्यालय, विराटनगरको संक्षिप्त संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश सभाको सचिवलाई विभागीय प्रमुख तोक्ने।

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश लोक सेवा आयोगको पाँचौं वार्षिक प्रतिवेदन (आ. व. २०८०/८१) प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

५. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-१ को क्र. स. ७ मा हेरफेर गर्ने।"

६. आर्थिक मामिला तथा योजना मन्त्रालयः आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ स्वीकृत गर्ने।

७. आर्थिक मामिला तथा योजना मन्त्रालयः प्रदेश सार्वजनिक खरिद (प्रथम संशोधन) नियमावली, २०८१ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी (प्रथम संशोधन) निर्देशिका, २०८१ स्वीकृत गर्ने।

८. आर्थिक मामिला तथा योजना मन्त्रालयः प्रदेश तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धी विधेयकको मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

९. उद्योग, कृषि तथा सहकारी मन्त्रालयः प्रदेश सहकारी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकलाई सम्बन्धित विभागीय मन्त्रीले प्रदेश सभामा प्रस्तुत गर्ने।



*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

**सम्वत् २०८१ साल भदौ २८ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरूः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सङ्घीयता कार्यान्वयन तथा प्रदेश कानुन निर्माण सम्बन्धी अध्ययन कार्यदल, २०८१ को समयावधि म्याद समाप्त भएको मिति २०८१।०५।१० गते देखि मिति २०८१।०७।१० गते सम्म २ (दुई) महिना थप गर्ने।

२. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः मिति २०८१।०६।०२ गते बुधवार करम पूजा पर्वको उपलक्ष्यमा झाँगड (उराँव) समुदायलाई मात्र कोशी प्रदेश भर सार्वजनिक बिदा दिने।



*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*